घोडाघोडी स्थानीय राजपत्र
घोडाघोडी नगरपालिकाको कार्यालय द्वारा प्रकाशित
सुखड, सुदूरपश्चिम प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| भाग १ | वर्ष ८ | अंक १ | २०८२ असार २७ |

# बिनियोजन ऐन, २०८२

**प्रस्तावना:** घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, घोडाघोडी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " घोडाघोडी नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगरकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित भए वमोजिमको रकम रु १,०१,४०,२२,००० ।- (अक्षेरुपी एक अर्व एक करोड चालिस लाख वाईस हजार रुपैया ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त घोडाघोडी नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरकार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्चतर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९(२) वमोजिम

संञ्चितकोषबाट बिनियोजन हुने रकम

| २०८२-०८३ व्ययको अनुमान | | |
|---|---|---|
| **व्यय अनुमान** | | **रकम रु.** |
| संघीय कार्यक्रम | समपुरक अनुदान | २२५००००० |
| | समपुरक अनुदानमा थप(६०%) | ३३७५०००० |
| संघीय कार्यक्रम | विशेष अनुदान | २७४००००० |
| संघीय कार्यक्रम | शशर्त अनुदान | ३९०३००००० |
| प्रदेश कार्यक्रम | समपुरक अनुदान | २४४००००० |
| | समपुरक अनुदानमा थप(६०%) | ३६६००००० |
| प्रदेश कार्यक्रम | विशेष अनुदान | ७५००००० |
| प्रदेश कार्यक्रम | शशर्त अनुदान | ६०००००० |
| साझेदारी  कार्यक्रम | बहुबर्षिय योजनाहरु | १५००००००० |
| | कार्यालय संचालन तथा व्यवस्थापन | १७००००००० |
| आर्थिक विकास कार्यक्रम | | |
| | कृषि | ८५००००० |
| | पशु | २५००००० |
| | उद्यम विकास | ३०००००० |
| | रोजगार | १४७२००० |
| | सहकारी | ८००००० |
| | पर्यटन | २०००००० |
| | भूमी व्यवस्थापन | ६५००००० |
| सामाजिक विकास कार्यक्रम | | |
| | शिक्षा | ६२५००००० |
| | युवा तथा खेलकुद | २५००००० |
| | स्वास्थ्य | १०००००००० |
| | नगर अस्पताल | ८०००००० |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक | १५००००० |
| | सामाजिक सुरक्षा तथा पंजिकरण | २००००० |
| वन वातावरण तथा विपद कार्यक्रम | | |
| | वन,वातावरण र विपद | ५००००० |

| | | |
|---|---|---|
| पूर्वाधार विकास कार्यक्रम | | |
| | पूर्वाधार विकास कार्यक्रम | ३४८००००० |
| | लागत साझेदारी | १५०००००० |
| सुशासन तथा संस्थागत कार्यक्रम | | |
| | सूचना तथा सञ्चार प्रविधि | २५००००० |
| | न्याय तथा कानुन | १५००००० |
| | राजस्व | १००००० |
| | भूक्तानि दिन वाकि योजना | १५०००००० |
| वडा कार्यालय खर्च कार्यक्रम | | |
| | वडा नं १ | १०५००००० |
| | वडा नं २ | ७५००००० |
| | वडा नं ३ | ७५००००० |
| | वडा नं ४ | १०००००००० |
| | वडा नं ५ | ८०००००० |
| | वडा नं ६ | ७५००००० |
| | वडा नं ७ | ७५००००० |
| | वडा नं ८ | ९५००००० |
| | वडा नं ९ | ९०००००० |
| | वडा नं १० | ९५००००० |
| | वडा नं ११ | ७५००००० |
| | वडा नं १२ | ७७००००० |
| **कुल अनुमानित व्यय रकम रु.** | | १०१४०२२००० |

नगरसभाको मिति २०८२.०३.१० गतेको बैठकबाट सर्वसम्मत पारित भएको यो "आर्थिक ऐन,२०८२" स्थानीय तहको कानुन निर्माण प्रकृया ऐन २०७५ को दफा २४ को .१० वमोजिम प्रमाणिकरण गर्दछु ।

मितिः २०८२.०३.२७

...............

नगर प्रमुख

खडक बहादुर रावत